# नग्न सम्बोधन

- आभास

राष्ट्रपति महोदय !
नाङ्गै छन् 'वेभ साइट'हरू
कुनै तानाशाहको भाषण जत्तिकै नाङ्गै

छरपस्ट छन्
'वेभ साइट'भरि
योनी
लिङ्ग
र नितम्बहरू

राष्ट्रपति महोदय !
यसपालीको तिम्रो भाषणमा
कुनै दम छैन

स्वः नियन्त्रणका
निजी हतियार समेत
यसरी
छरपस्टिएका बेला

कसरी होला
हतियार व्यबस्थापन ?

कविहरू
सोचमग्न छन्
कविता
निष्प्रभ र दुरूह

कविताका बिम्ब-स्थान
योनी
लिङ्ग
र नितम्बले
ढाकी सके

राष्ट्रपति महोदय !
गरीब गणतन्त्रले
कसरी छोप्ला

**यस्तो आक्रामक नग्नता ?**

**महोदय !**
**नाङ्गै छन् 'वेभ साइट'हरू**
**कुनै तानाशाहको भाषण जत्तिकै नाङ्गै ।**

४ सेप्टेम्बर २००६, ललितपुर